# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।०६ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी महेश विक्रम शाह, दिपेन्द्र प्रसाद पनेरुसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

आयोगबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

प्रतिवादीहरु मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौली, सिन्धुलीमा आ.व.२०७२/०७३ मा कार्यालय प्रमुखको रुपमा कार्यरत **महेश विक्रम शाह, लेखापाल प्रहरी नायव निरीक्षक दिपेन्द्र प्रसाद पनेरु तथा लेखा सहायक प्र.ह.केशव सिंह ऐरी**समेतले मिति २०७२ साल माघ महिनाको तलव भत्ता खान पाउने गरी सरुवा भएका १०३ जना प्रहरी जवानहरुको माघ र फागुन महिनाको तलब भत्ता रु.३१,८८,४६८/- र ०७२ साल माघ ३ गतेबाट तलब भत्ता खान पाउने गरी १४२ जना नयाँ प्रशिक्षार्थी प्रहरी जवानहरुको २ दिनको तलब रु.१,४९,६१६/८८ गरी जम्मा रु. ३३,३८,०८४/८८ तलब भत्ता तलबी भरपाईमा किर्ते दस्तखत गरी बदनियतपूर्वक हिनामिना गरेकोले निजहरु महेश विक्रम शाह, दिपेन्द्र प्रसाद पनेरु र केशब सिंह ऐरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा रु.३३,३८,०८४।८८ बिगो कायम गरी ऐ.ऐनको दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१)को खण्ड (छ) बमोजिम सजाय हुन एवं हिनामिना हानिनोक्सानी भएको बिगोसमेत निजहरुबाट असुल उपर हुन,

प्रतिवादी कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुलीका तत्कालीन लेखापाल सन्जिव बिशंखेले मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौली, सिन्धुलीको उक्त अवधिको आन्तरिक लेखा परीक्षण गर्ने क्रममा प्रहरी कर्मचारीहरुको तलब, भत्ता तथा कट्टि रकम समेतको भरपाईमा सरुवा भएका प्रहरी कर्मचारीको नाम उल्लेख गरी खर्च लेखेको तथा सरुवा तथा नयाँ नियुक्ति भएका प्रहरी कर्मचारीहरुको पत्र नहेरी खर्च भुक्तानी लेखी सरकारी रकम हिनामिना गरेको देख्दा देख्दै लेखा परीक्षण गर्दा निजी लाभका लागि बदनियतपूर्वक कारोबारमा नभएको कुरा देखाउने वा भए गरेका तथ्य लोप गरी लेखा परीक्षण गरेकोले निज सन्जिब विशंखेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएकोमा बिशेष अदालतको मिति २०८०।०९।११ को फैसलाबाट प्रतिवादीहरु मध्येका महेश विक्रम शाह र दिपेन्द्र प्रसाद पनेरुका हकमा भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम कसुर ठहर गरी निजहरुलाई सोही दफा १७ र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिमको कसुरमा निज प्रतिवादीहरु महेश विक्रम शाह र दिपेन्द्र प्रसाद पनेरुको पदीय जिम्मेवारी समेतका आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम जनही तीन (३) वर्ष कैद र विगो रु. ३३,३८,०८४/८८ को आधा जनही रु.१६,६९,०४२/४४ कायम गरी तीन वर्ष कैद र बिगो बमोजिम जनही रु.१६,६९,०४२/४४ जरिवाना हुने समेत ठहर गरी फैसला भएको र अन्य प्रतिवादीहरु केशव सिंह ऐरी र सन्जिब विशंखेलाई आरोपदाबीबाट सफाई दिने गरी फैसला भएकोमा

**विशेष अदालत काठमाडौंबाट मिति २०८०/०९/११ गते फैसला गर्दा लिइएका आधारः**

क. प्रतिवादी दिपेन्द्र प्रसाद पनेरुले अदालतमा वयान गर्दा आरोपित कसुरमा इन्कार रहेको भएतापनि निजले अनुसन्धानको क्रममा वयान गर्दा आरोपित कसुरमा सावित भई अर्का प्रतिवादी महेश विक्रम शाह समेतलाई पोल गरी वयान गरेको।

ख. प्रतिवादी महेश विक्रम शाहले अनुसन्धान तथा अदालतमासमेत वयान गर्दा कसुरमा इन्कार रहेको भएतापनि निज प्रतिवादी तत्कालीन मध्ये क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौली, सिन्धुलीका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक पदमा कार्यरत रहेको र आर्थिक खर्च तथा व्यबस्थापनको कार्यमा संलग्न रहेको विवाद नरहेको ।

ग. प्रतिवादी महेश विक्रम शाह समादेशक प्रहरी वरिष्ठ उपरिक्षक र अर्का प्रतिवादी दिपेन्द्र प्रसाद पनेरु लेखा प्रमुख प्रहरी नायब निरीक्षक फरक पद देखिएतापनि यी दुवैजना लेखा प्रशासनको जिम्मेवारी पदमा रहेकोले कसुरमा निजहरुको समान भूमिका देखिएको।प्रतिवादीहरुको समान भूमिका देखिंदा दायित्वसमेत समान भएकोले जम्मा बिगो रु ३३,३८,०८४।८८ को आधा जनही रु. १६,६९,०४२।४४ विगो कायम हुने तथा निज प्रतिवादीहरु पदीय हैसियत र जिम्मेवारी समेतका आधारमा जनही तीन वर्ष कैद र बिगो बमोजिम जरिवाना हुने र विगोसमेत असुल गर्दा कसुरको गम्भिरता र दोषको मात्राको अनुपात मिल्ने देखिएको।

घ. प्रतिवादी केशब सिंह ऐरीले अनुसन्धान र अदालतमा वयान गर्दा आरोपित कसुरमा इन्कार रही वयान गरेको र सो इन्कारी वयानलाई समर्थन गरी निजका साक्षी गोबिन्द बहादुर नायकले बकपत्र गरेको देखिएको। आफु भन्दा माथिल्लो दर्जाको पदाधिकारीले खटाएको कामसम्म गर्ने जिम्मेवारी रहेको देखिंदा निजले सह-प्रतिवादीहरुको मिलेमतोमा भ्रष्टाचार गरेको मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुन नसकेको।

ङ. प्रतिवादी सन्जिब विशंखेले अनुसन्धान अधिकारी तथा अदालतको बयानमा कसुरमा इन्कार रहेका र सो इन्कारी वयान निजका साक्षी अमर बहादुर भुजेलले समर्थन हुने गरी बकपत्र गरेको देखिएको।प्रतिवादीले बदनियत लिई सरुवा भएर गएका कर्मचारीहरुलाई समेत तलब भरपाई गरी दिएको तथ्यलाई कैफियत नजनाइ लेखा परीक्षण प्रतिवेदन तयार गरेको भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको ।

**प्रतिवादीहरु महेशबिक्रम शाह र दिपेन्द्र प्रसाद पनेरुलाई हानी नोक्सानी गरेको कुल जम्मा विगो भागवण्डा गरी आधा/आधा कायम गरी आरोपदाबी बमोजिम भन्दा कम कैद सजाय हुने गरी तथा प्रतिवादीहरु केशव सिंह ऐरी र सन्जिब विशंखेलाई सफाई दिने गरी भएको फैसला उपर आयोगबाट देहायका आधारहरू लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०६मा पुनरावेदन गरिएको छ ।**

**देहायः**

क. **प्रतिवादीहरु महेश विक्रम शाह र दिपेन्द्र प्रसाद पनेरु हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर ठहर गरी निज प्रतिवादीहरुलाई सोही दफा १७ र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम सजाय नगरी ऐ. खण्ड (च) बमोजिमको कैद तथा जरिवानाको सजाय गरेको कानूनतः मिलेको नदेखिएको। कसुरदार तथा अपराधीले गरेको आपराधिक कार्य वापत हुने कैद सजायलाई प्रतिवादीहरुले हानि नोक्सानी गरेको विगोलाई भागवण्डा गरी कम कैद सजायमा रुपान्तरण गर्नु विधायिकी मनसाय विपरित हुनगई न्यायको मक्सत समेत पूरा नहुने हुँदा उल्लिखित फैसलामा आरोपदाबी भन्दा कैद तथा जरिवानाको सजाय घटाई भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

ख. **प्रतिवादी केशव सिंह ऐरीको हकमाः**

– लेखा सहायकको रुपमा कामकाज गर्ने गरेको मिसिल कागजातहरु तथा निज र अन्य प्रतिवादीहरुको वयान समेतबाट देखिएकोले लेखा प्रशासनमा लेखा सहायकको भूमिकामा कामकाज गरिरहँदा लेखासँग सम्वन्धित आम्दानी खर्चहरुको हिसाब किताब हुने भएको तथा गत महिना र चालु महिनाहरुको खर्च तथा हिसाब किताबको स्रेस्ता सम्वन्धमा अनभिज्ञ छु भनी प्रतिवादीको कोरा वयानको आधारमा अनुमान र आशंकाको भरमा

प्रतिवादीलाई कसुर अपराधबाट उन्मुक्ती दिन नमिल्ने। प्रतिवादीले बदनियतपूर्ण तवरले यस कार्यका लागि जिम्मेवार रहेको तथ्य स्थापित हुदाहुदै ती तथ्य नजरअन्दाज गरी निज प्रतिवादी केशव सिंह ऐरीलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला त्रूटिपूर्ण रहेको।

- निज प्रतिवादी उपर सह अभियुक्त दिपेन्द्र प्रसाद पनेरुले अनुसन्धानको क्रममा वयान गर्दा मिलाउन सक्छ भने मिलाउन त भनी भनेकोले मैले तत्काल सबै रकम केशवसिंह ऐरीले राखेका र अडिट पश्चात रु.२४,७८,०००।-मैले लेखा सहायक सँग मागेको र अरु रकम निज लेखा सहायक केशव सिंह ऐरी संगै रहेको तथा "कमाण्डेण्ट महेश विक्रम शाह सरलाई वीस लाख र बाँकी सबै दुवै जनाले बाँडेका हौं" भनी वयानमा उल्लेख गरेको देखिदा उक्त रकम हिनामिना तथा हानी नोक्सानी गरी निजी लाभ प्राप्त गर्ने प्रमुख योजनाकारको रुपमा निज केशव सिंह ऐरीको भूमिका प्रष्ट देखिदा देखिदै अभियोग दाबीबाट सफाई दिने गरी भएको फैसलामा गम्भिर त्रुटि रहेको।
- प्रतिवादी दिपेन्द्र प्रसाद पनेरुको मौकाको वयानमा आफुले कसुर गरेको कुरा स्वीकार गरी अन्य सह प्रतिवादीहरु महेश विक्रम शाह र केशव सिंह ऐरीलाई समेत कसुर गरेको भनी पोल गरी वयान गरेको। प्रतिवादी दिपेन्द्र प्रसाद पनेरुको आफू कसुरमा सावित रही मौकामा गरेको वयान पोलबाट अर्का प्रतिवादी महेश विक्रम शाह र निज स्वयं कसुरदार ठहर भएकोमा प्रतिवादी दिपेन्द्र प्रसाद पनेरुको वयान पोल अनुसार सो कसुर अपराधको मुख्य योजनाकारको रुपमा चित्रीत गरेका, कसुर गर्न मुख्य भूमिका निर्वाह गरेका, गैरकानूनी रुपमा सरकारी रकम हानी नोक्सानी गरेको रकम राख्ने जिम्मा लिएका तथा बाँडफाट गरी रकम लिनेखाने गरेका प्रतिवादीलाई सफाई दिने गरी भएको फैसलामा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित मुल्याङ्कन नगरेको देखिंदा त्रुटिपूर्ण रहेको।

ग. <u>प्रतिवादी सन्जिब विशंखेको हकमा</u>

- प्रतिवादी सन्जिब विशंखेले मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र दुधौली, सिन्धुलीमा आ.व. २०७२/०७३ को आन्तरिक लेखा परीक्षण गरेको निजको वयान व्यहोराबाट समेत पुष्टि भएको। लेखा परीक्षणको दायित्वबाट विमुख भई आफ्नो लाभका लागि बदनियतपुर्वक कारोबारमा नभएको कुरा देखाउने वा भए गरेको तथ्यहरु लोप गरी सरुवा भएर गएका कर्मचारीहरुलाई समेत तलब भरपाई गरी दिएको तथ्यलाई कैफियत नजनाई गलत लेखा परीक्षण प्रतिवेदन तयार गरेको स्पष्ट तथ्यहरुबाट पुष्टि भइरहेकोमा उक्त तथ्य प्रमाणहरुलाई अनदेखा गरी विशेष अदालतले यी प्रतिवादीको हकमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिवादीहरु महेश बिक्रम शाह, दिपेन्द्र प्रसाद पनेरुको हकमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिमको आरोप मागदाबी बमोजिम कैद सजाय नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुने ठहर गरी भएको उक्त फैसला सो हदसम्म नमिलेको र अन्य प्रतिवादीहरु केशब सिंह ऐरी र सन्जिव विशंखेलाई पूर्ण सफाई दिने ठहर गरी विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण देखिएकोले निज प्रतिवादीहरु महेश बिक्रम शाह, दिपेन्द्र प्रसाद पनेरु, केशब सिंह ऐरी र सन्जिव विशंखेलाई आरोपपत्र बमोजिम कसुर ठहर गरी सजाय हुन मागदाबी रहेको।

प्रवक्ता

नरहरि घिमिरे